# विश्व व्यापार संगठनमा नेपाल
# प्रतिबद्धता कार्यान्वयनको स्थिति

अंक २, २०६४

जानकारी पत्र

BRIEFING PAPER

विश्व व्यापार संगठन यस्तो एक बहुपक्षीय व्यापारिक संस्था हो, जसमा भएका नियमहरू हरेक सदस्य राष्ट्रले बाध्यात्मकरूपमा पालना गर्नुपर्ने हुन्छ । नेपाल पनि संगठनको सदस्य भइसकेको छ । संगठनको सदस्यता लिने क्रममा नेपालले विभिन्न बाध्यात्मक तथा अनुनयात्मक प्रतिबद्धताहरू व्यक्त गरेको छ, जसलाई पूरा गर्नु आवश्यक छ । यस्ता प्रतिबद्धताहरू पूरा नगरिएको कारणबाट यदि अन्य सदस्य राष्ट्रलाई आघात पुगेमा सम्झौता अनुसार प्राप्त हुने छूट स्थगन हुने तथा क्षतिपूर्ति समेत दिनुपर्ने स्थिति उत्पन्न हुन्छ । यस्तो अवस्थाले राष्ट्रको छविसमेत धमिलिन जाने सम्भावना देखिन्छ । यसर्थ, नेपालले विश्व व्यापार संगठनअन्तर्गतका कानूनी दस्तावेजहरूसँग सामञ्जस्य हुने गरी विद्यमान कतिपय नेपाल कानूनको संशोधन वा खारेज वा आवश्यकताअनुसार नयाँ कानूनहरू समेत निर्माण गर्नुपर्ने देखिन्छ । यस पृष्ठभूमिमा विश्व व्यापार संगठनमा नेपालको प्रतिबद्धता कार्यान्वयनको स्थिति के कस्तो छ भनी विश्लेषण गरी सरोकारवालालाई जानकारी गराउने उद्देश्यले यो जानकारी पत्र तयार पारिएको छ ।

## पृष्ठभूमि

अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा देखा परेको उदारीकरण प्रक्रियाको फलस्वरूप अन्तर्राष्ट्रिय व्यापार प्रणालीको जन्म भएको देखिन्छ । नेपालले सन् १९९० को दशक अघिदेखि नै आर्थिक उदारीकरण, निजीकरण, लगानी प्रवर्द्धनमूलक, श्रम व्यवस्थामुखी जस्ता नीति अवलम्बन गर्दै अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा आबद्ध हुने पहल गरेको थियो । सन् १९८९ मा नै नेपालले भन्सार तथा व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade) को सदस्यताको लागि आवेदन गरी पर्यवेक्षकको रूपमा रहँदै आएको थियो । १ जनवरी १९९५ मा म्याराकेस सम्झौता १९९५ (यसपछि "म्याराकेस सम्झौता" भनिएको) अन्तर्गत विश्व व्यापार संगठनको (यसपछि "संगठन" भनिएको) स्थापना भएपछि सो सम्झौताको धारा ११ अन्तर्गत सम्मिलनको माध्यमबाट सदस्यता लिने प्रक्रिया प्रारम्भ भयो । सम्मिलनको प्रक्रियाबाट सदस्यता लिँदा संगठनअन्तर्गतका विभिन्न सम्झौताका प्रणालीगत दायित्वहरूका अतिरिक्त संगठन र सम्मिलित हुने पक्षबीच सहमत भएबमोजिमका शर्त र अवस्थाहरू एवं प्रतिबद्धतासमेत पालना गर्नुपर्ने दायित्व सिर्जना हुन्छ । यस्ता शर्त वा दायित्वहरू सम्मिलन प्रोटोकलमा समावेश गरिएका हुन्छन् ।

नेपालको सम्मिलनसम्बन्धी कार्यदल (यसपछि "कार्यदलको प्रतिवेदन" भनिएको) को तेस्रो बैठकले १५ अगस्त २००३ मा नेपालको सदस्यताका शर्त र अवस्थाहरू तय गरेपछि सेप्टेम्बर १०-१४, २००३ मा मेक्सिकोको कानकुनमा सम्पन्न पाँचौं मन्त्रिस्तरीय सम्मेलनले नेपाललाई संगठनको सदस्यता दिने निर्णय गरी संगठनमा नेपालको सम्मिलनसम्बन्धी प्रोटोकलमा हस्ताक्षर भएको थियो । सोही अनुरूप २३ अप्रिल २००४ अर्थात् २०६२ वैशाख ११ गते नेपाल संगठनको १४७ औं सदस्य भएको हो । सम्मिलनको माध्यमबाट

SAWTEE
SOUTH ASIA WATCH ON TRADE, ECONOMICS & ENVIRONMENT
पो.ब.नं. १९३६६
२५४ लम्टङ्गीन मार्ग
बालुवाटार, काठमाडौं, नेपाल
फोन: ९७७-१-४४१५८२४, ४४४४४३८
फ्याक्स: ९७७-१-४४४४५७०
ईमेल: sawtee@sawtee.org
वेबसाइट: www.sawtee.org

संगठनको सदस्य बन्ने नेपाल पहिलो अति कम विकसित मुलुक हो । म्याराकेस सम्झौतामा आरक्षण राख्न सकिने व्यवस्था नभएको हुँदा सोअन्तर्गतका सबै दायित्वहरू बहन गर्नुपर्ने हुन्छ । अर्थात् संगठनको सदस्यता एउटा सिङ्गो 'प्याकेज डिल'को रूपमा रहेको छ र त्यसभित्र कुनै पनि चयन गर्ने व्यवस्था हुँदैन ।

त्यसैगरी, त्यस्ता दायित्वहरू पूरा गर्न विद्यमान कानूनहरूलाई अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूसँग सामन्जस्य गर्नुपर्ने (म्याराकेस सम्झौताको धारा १४ र नेपाल सन्धि ऐनको दफा ९) मा नेपाल पक्ष भएको सन्धि र नेपाल कानूनको व्यवस्था बाझिएमा सन्धि व्यवस्था कानूनसरह लागू हुने व्यवस्थाको रोहमा समेत कानून बनाई दायित्व बहन गर्ने प्रतिबद्धता व्यक्त गरिएको (कार्यदलको प्रतिवेदन, प्रकरण २८) सन्दर्भ उल्लेख्य छ ।

## संगठनअन्तर्गतको दायित्वको प्रकृति

सामान्यतया संगठनको सदस्य भएपछि नेपालले म्याराकेस सम्झौताअन्तर्गतका दायित्व बहन गर्नुपर्ने हुन्छ । तर सो सम्झौताका अनुसूचीहरूमा रहेका अनेक पक्षीय सम्झौताहरू बाहेक अन्य सम्झौताहरू तथा तत्सम्बन्धी विभिन्न घोषणा तथा निर्णयहरू पनि समानरूपले लागू हुन्छन् । संक्षेपमा भन्नुपर्दा नेपालले बहन गर्नुपर्ने दायित्व र प्रतिबद्धता खासगरी निम्नलिखित दस्तावेजहरूबाट निःसृत छन्ः

- संगठन स्थापित गर्ने म्याराकेस सम्झौता र सोअन्तर्गतका अनेक पक्षीय बाहेकका अन्य बहुपक्षीय व्यापार सम्झौताहरू (जस्तै ग्याट, व्यापारसम्बन्धी बैद्धिक सम्पत्ति अधिकार सम्झौता- TRIPS (यसपछि "ट्रिप्स" भनिएको),
- नेपालले सदस्यता लिनेसम्बन्धी सम्मिलन प्रोटोकल र सोको अभिन्न अङ्गको रूपमा रहेका कार्यदलको प्रतिवेदन, ग्याट र सेवाको व्यापारसम्बन्धी सम्झौताअन्तर्गत अनुसूचित प्रतिबद्धताका परिशिष्ट, अन्य शुल्क तथा महसुल उन्मूलन गर्नेसम्बन्धी परिशिष्ट तथा,
- संगठनको मन्त्रिस्तरीय सम्मेलनका घोषणा र निर्णयहरू ।

संगठन सम्झौताअन्तर्गतका दायित्व वा प्रतिबद्धताहरू पूरा नगरेको कारणले गर्दा सो सम्झौताअन्तर्गत अर्को सदस्यलाई प्रत्यक्ष वा परोक्षरूपमा आघात परेमा वा सम्झौताको व्यवस्था उल्लंघन भएमा सोको उपचारस्वरूप परिपालना नगर्ने सदस्यलाई सम्झौताअन्तर्गत छूट स्थगन गर्न वा क्षतिपूर्ति दिनुपर्ने स्थिति समेत उत्पन्न हुनसक्छ (विवाद समाधानसम्बन्धी समझदारीको धारा २२) ।

यस लेखमा कार्यदलको प्रतिवेदनमा उल्लेख भएबमोजिमका प्रतिबद्धता र दायित्व एवं सो प्रतिवेदनको अङ्गको रूपमा रहेको विधायनसम्बन्धी कार्ययोजना (यसपछि "कार्ययोजना" भनिएको) मा उल्लिखित कानूनी उपायहरूको बारेमा संक्षिप्त चर्चा र त्यस्ता प्रतिबद्धता एवं त्यसको कार्यान्वयन स्थितिको सिंहावलोकन प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

## नेपालबाट व्यक्त प्रतिबद्धता र प्रकृति

१ सय ५५ प्रकरणसहितको कार्यदलको प्रतिवेदन अध्ययन गर्दा बाध्यात्मक र अनुनयात्मक दुई किसिमका प्रतिबद्धताहरू उल्लेख भएको देखिन्छ ।

### (क) बाध्यात्मक प्रतिबद्धताहरू

#### १. प्रणालीगत प्रतिबद्धताहरू

वस्तु, सेवा र बौद्धिक सम्पत्तिको व्यापारसम्बन्धी कानून, नियम र उपायहरूसँग सम्बन्धित प्रतिबद्धताहरूलाई प्रणालीगत प्रतिबद्धताको रूपमा लिइएको छ । यस्ता प्रतिबद्धताहरू निम्नानुसार छन्ः

(क) कानून बमोजिम खास-खास वस्तुको हकमा बाहेक अन्य वस्तु वा सेवाको मूल्य नियन्त्रण नगर्ने र मूल्य

कोष्ठकः १

**भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता कार्यान्वयनको स्थिति**

| कार्य | अन्तिम मिति | कार्यान्वयनको स्थिति |
| --- | --- | --- |
| भन्सार ऐन, नियमावलीमा संशोधन, गोप्य सूचनाको संरक्षणसम्बन्धी व्यवस्था, भन्सार मूल्य निर्धारणसम्बन्धी जानकारी प्राप्त गर्ने पैठारीकर्ताको अधिकार स्थापित गर्ने | १ जनवरी २००४ | केही प्रतिबद्धताहरू आर्थिक ऐन, २०६३ मा समावेश भई कार्यान्वयनमा आएका |
| प्रशासनिक निर्णय उपर पुनरावेदन सुन्ने स्वतन्त्र प्रशासनिक न्यायाधीकरणको स्थापना गर्न कानून संशोधन गर्ने | १ जनवरी २००७ | यस्तो संयन्त्र स्थापित भई नसकेको |
| सम्झौताको पूर्ण कार्यान्वयन | १ जनवरी २००७ | पूर्ण कार्यान्वयन हुन नसकेको |

नियन्त्रणसम्बन्धी उपायहरू अपनाउँदा संगठनको व्यवस्था अनुकूल हुनेगरी अर्थात् ग्याटको धारा ३ र सेवा सम्झौताको धारा ८ अनुसार निकासी गर्ने सदस्य उपर पर्नसक्ने सम्भाव्य प्रतिकूल प्रभावलाई दृष्टिगत गर्नुपर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण २०) ।

(ख) सम्मिलनको मितिसम्म वस्तु र सेवासँग सम्बन्धित प्रशासनिक कार्यका पुनरावलोकन गर्न न्यायाधिकरण वा कार्यविधिहरू स्थापित गर्ने वा तोक्ने । यस्तो न्यायाधिकरण वा कार्यविधिले तत्सम्बन्धी साधारण कानून, न्यायिक निर्णय, प्रशासनिक आदेशको पुनरावलोकन गर्नसक्ने स्वतन्त्र निकाय हुनुपर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ३१) ।

(ग) सम्मिलनको मितिसम्म वस्तुको निकासी, पैठारी-सम्बन्धी कानून, तत्सम्बन्धी शुल्क, कर र दस्तुर एवं पैठारी इजाजतपत्र दस्तुर, निकासी सेवा शुल्क संगठनको दायित्व अनुकूल लागू गरिने । उदाहरणका लागि, निकासी-पैठारीसम्बन्धी सेवा शुल्क वस्तुको मूल्यको आधारमा नभई प्रदान गरिएको सेवा अनुसारको हुनुपर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ३६, ४४ र ७९)।

(घ) अन्य शुल्क तथा दस्तुर संलग्न तालिकाअनुसार २ देखि १० वर्षबीचको अवधिमा उन्मूलन गर्ने र त्यस्ता खालका नयाँ शुल्क तथा दस्तुर नलगाउने (कार्यदलको प्रतिवेदन, प्रकरण ४२) ।

(ङ) सम्मिलनका मितिसम्म संगठनको नियम अनुकूल नहुने परिमाणात्मक बन्देज वा इजाजतपत्र, कोटा, अनुमति आदिजस्ता गैरमहसुलजन्य अवरोधहरू उन्मूलन गर्ने र त्यस्ता प्रकृतिका अवरोधहरू लागू नगर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ५०) ।

(च) भन्सार अधिकारीको आदेशविरूद्ध प्रशासनिक न्यायाधीकरणमा पुनरावेदन लाग्ने व्यवस्था ३० डिसेम्बर २००४ सम्म गरिसक्ने, भन्सार मूल्यांकन सम्बन्धी सम्झौताको कार्यान्वयन समयबद्धरूपमा गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ५३, ५७) । *(कोष्ठक १)*

(छ) घरेलु कर, मूल्य अभिवृद्धी कर, अन्तःशुल्क आदि अति सौविध्य राष्ट्र व्यवहार र राष्ट्रिय व्यवहार अनुकूल हुने गरी भेदभावरहित तवरले लागू गर्ने; सम्मिलनको मितिदेखि नै "छ्याङ" र वियरको अन्तःशुल्क दर एउटै कायम गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ६४) ।

कोष्ठकः २

## व्यापारका प्राविधिक अवरोधसम्बन्धी सम्झौताको कार्यान्वयन स्थिति

| कार्य | अन्तिम मिति | कार्यान्वयनको स्थिति |
|---|---|---|
| सोधपुछ विन्दुको स्थापना | १ जनवरी २००४ | नेपाल गुणस्तर तथा नापतौल विभागलाई सोधपुछ विन्दुको रूपमा स्थापना |
| पारदर्शितासम्बन्धी दायित्व बहन गर्न प्रकाशन, सूचना र अन्य कार्यविधिको जानकारी दिने अधिकारीको पहिचान | | वेबसाइटसमेत स्थापित गरी प्रतिबद्धता पूरा गरिएको |
| गुणस्तर, प्राविधिक नियम आदिको प्रकाशन र वेबसाइट पहिचान | | ऐनको संशोधनको कार्य भइरहेको |
| नेपाल गुणस्तर तथा नापतौल ऐनमा संशोधन | | पूर्ण कार्यान्वयन हुन नसकेको |
| नेपाल गुणस्तर तथा नापतौलसम्बन्धी नियमावलीमा संशोधन | | ऐनमा नै संशोधन भैनसकेको अवस्था |
| संगठन र असल अभ्याससम्बन्धी संहिता अनुकूल हुने गरी प्राविधिक नियमहरू विकास र लागू गर्ने प्रक्रियाको स्थापना | १ जनवरी २००६ | प्रक्रिया स्थापित भएको |
| प्राविधिक नियमावली र कार्यविधिहरूमा पुनरावलोकन | १ जनवरी २००७ | कानून बनाउने वा संशोधन गर्ने प्रतिबद्धता बाहेकका अन्य प्रतिबद्धता धेरै हदसम्म कार्यान्वयन भएको । |
| उत्पादनको दर्ता र प्रमाणीकरणसम्बन्धी योजना तर्जुमा | | |
| आपसी मान्यता र प्रमाणीकरण व्यवस्था लागू | | |
| सम्झौताको पूर्ण कार्यान्वयन | | |

कोष्ठकः ३

## मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौताको कार्यान्वयन स्थिति

| कार्य | अन्तिम मिति | कार्यान्वयनको स्थिति |
|---|---|---|
| एकल सोधपुछ विन्दु स्थापित गर्ने | १ जनवरी २००४ | खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागलाई एकल सोधपुछ विन्दु तोकिएको |
| विरूवा संरक्षण ऐन, वीउविजनसम्बन्धी ऐन तथा विरूवा संरक्षण नियमावलीमा संशोधन वा नयाँ कानून तर्जुमा गर्ने | १ जुलाई २००५ | विरूवा संरक्षण ऐन, २०६४ आएको र अन्यमा संशोधनको लागि पहल भइरहेको |
| अन्तर्राष्ट्रिय विरूवा संरक्षण महासन्धिको पक्ष बन्ने | १ जुलाई २००५ | ८ मे २००६ मा पक्ष बनेको |
| मार्गनिर्देशिका र प्रोटोकल तर्जुमा गर्ने | १ जुलाई २००६ | निकासी पैठारी निरीक्षण तथा प्रमाणीकरण प्रणालीको मस्यौदा तयार भएको, राष्ट्रिय कोडेक्स समिति स्थापित गरिएको भनिए तापनि प्रतिबद्धताहरूको पूर्ण कार्यान्वयन हुन नसकेको |
| नेपाल गुणस्तर तथा नापतौलसम्बन्धी नियमावलीमा संशोधन | | |
| क्वारेन्टाइनसम्बन्धी स्तर अभिवृद्ध, अन्तर्राष्ट्रिय मापदण्ड, मार्गनिर्देशिका र सिफारिशहरू अनुरूप सामन्जस्यीकरण | | |
| सम्झौताको पूर्ण कार्यान्वयन | १ जनबरी २००७ | पूर्ण कार्यान्वयन नभएको |

(ज) सम्मिलनका मितिसम्म उत्पत्तिको नियमसम्बन्धी सम्झौता लागू गरिसक्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ६८) ।

(झ) प्रिसिपमेन्ट निरीक्षण सेवा उपयोग गर्दा तत्सम्बन्धी सम्झौताको पालना गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ७१) ।

(ञ) निकासी पैठारी नियन्त्रण गर्ने कानूनअन्तर्गत सरकारको निकासी, पैठारी नियन्त्रण गर्ने अधिकार-सम्बन्धी व्यवस्था तथा निकासी नियन्त्रण, इजाजतपत्र-सम्बन्धी व्यवस्था सम्मिलनको मितिसम्म ग्याटको धारा १८ को व्यवस्था आदिसँग अनुकूल बनाउने । संगठनका सम्बद्ध सम्झौताहरू अनुकूल हुने गरी सुरक्षा उपाय, एन्टीडम्पिङ र समिकारक महसुलसम्बन्धी कानून बनाइ सोको सूचना दिई लागू गरेपछि मात्रै त्यस्ता उपायहरू अवलम्बन गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ७६ र ८४) ।

(ट) औद्योगिक व्यवसाय नीति, कानून आदिलाई अनुदान र समिकारक महसुलसम्बन्धी सम्झौता अनुकूल हुने गरी संशोधन गर्ने, संगठनको नियम अनुकूल नहुने अनुदान व्यवस्था पहिचान गरी सम्मिलनको मितिसम्म उन्मूलन गरिसक्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ८८ र ८९) ।

(ठ) संलग्न कार्ययोजना अनुसार चरणबद्ध ढङ्गले व्यापारका प्राविधिक अवरोधसम्बन्धी सम्झौता एवं असल अभ्याससम्बन्धी संहिता १ जनवरी २००७ सम्म पूर्णरूपले कार्यान्वयन गर्ने व्यवस्था गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ९८) ।

(ड) मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौताको पूर्ण कार्यान्वयन संलग्न कार्ययोजनाअनुसार गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण १०७) ।

(ढ) सम्मिलनका मितिसम्म व्यापारसम्बन्धी लगानीका उपायहरू पहिचान गरी संगठनलाई सूचित गरी असङ्गत उपायहरू हटाउने (कार्यदलको प्रतिवेदन, प्रकरण १०९) ।

(ण) सरकारी वा निजी स्वामित्वमा रहेका एकलौटी व्यवसाय गर्ने प्रकृतिका उद्योग वा निगमहरू सम्बन्धी जानकारी दिने र तत्सम्बन्धी कानून, नियमलाई संगठनका सम्झौताहरू अनुकूल बनाउने (कार्यदलको प्रतिवेदन, प्रकरण १११) ।

(त) संलग्न कार्ययोजना अनुसार १ जनवरी २००७ सम्म बौद्धिक सम्पत्ति अधिकारको व्यापारिक पक्षसम्बन्धी सम्झौता (ट्रिप्स सम्झौता) को पूर्ण कार्यान्वयन गर्ने । यस अवधिमा गरिएका संशोधन वा कानूनी व्यवस्थाले प्रचलित संरक्षणको

तहलाई न्यूनीकरण नगर्ने, अति सौविध्य व्यवहार र राष्ट्रिय व्यवहारको सिद्धान्त लागू भएको सुनिश्चित गर्ने आदि (कार्यदलको प्रतिवेदन, प्रकरण १३८) ।

(थ) पारदर्शितासम्बन्धी दायित्व वहन गर्ने प्रतिबद्धता (कार्यदलको प्रतिवेदन, प्रकरण १४७) । सामान्य रूपमा लागू हुने र वस्तु, सेवा तथा बौद्धिक सम्पत्तिको व्यापारलाई प्रभावित गर्ने कुनै पनि उपाय (ऐन, कानून, नियम, आदेश आदि) सरकारी पत्रिका वा आधिकारिक स्रोतमा प्रकाशन नगरी लागू नगर्ने र त्यस्तो प्रकाशनमा लागू हुने मिति सम्भव भएसम्म प्रभावित हुने वस्तु वा सेवाको भन्सार वर्गीकरण एवं भन्सार शीर्षक समेत उल्लेख गर्नुपर्ने दायित्व बहन गर्नु पर्दछ ।

## २. बजार पहुँचसम्बन्धी प्रतिबद्धताहरू

### (अ) वस्तुको व्यापार क्षेत्र

कृषि क्षेत्रमा हाल ५१ प्रतिशत र संक्रमणकालीन अवधि (३ वर्ष) पश्चात् ४२ प्रतिशत तथा गैर-कृषि क्षेत्रमा हाल ३७ प्रतिशत र उक्त अवधि पश्चात् २४ प्रतिशत भन्सार सीमांकन दर रहने गरी प्रतिबद्धता जनाइएको देखिन्छ । अन्य महसुल र शुल्कहरू २ वर्षदेखि १० वर्षको समयावधिभित्र शून्यमा सिमाना गर्ने गरी प्रतिज्ञा गरिएको छ । कार्यान्वयन अवधिको ५ वर्षभित्र सूचना प्रविधिसम्बन्धी उत्पादनमा शून्य भन्सार महसुल लगाउने तथा अष्ट्रेलिया, युरोपेली समुदाय, भारत, जापान, मलेसिया, अमेरिका आदि सदस्यले Initial Negotiating Rights को अनुरोध गरेका हुँदा सदस्यहरूलाई सम्बन्धित उत्पादनमा त्यस्तो अधिकार प्रदान गर्ने प्रतिबद्धता पनि गरिएको छ ।

### (आ) सेवाको व्यापार क्षेत्र

संगठनअन्तर्गतका १२ वटा सेवा क्षेत्र र करिब १६० उप-क्षेत्रहरूमध्ये ७० वटा सेवा उप-क्षेत्रहरूमा शर्तसहित विदेशी लगानीका लागि नेपालको बजार खुला गर्ने प्रतिबद्धता गरिएको छ । सेवा क्षेत्रको प्रकृति हेरी विदेशी लगानीको अनुपात ५१ प्रतिशतदेखि ८० प्रतिशतसम्म कायम गरिएको छ । व्यवसायिक, सञ्चार, निर्माण तथा इन्जिनियरिङ, वितरण, शैक्षिक, वातावरणसम्बन्धी, वित्तीय (बीमा र बैंकिङ्ग), स्वास्थ्य, पर्यटन, मनोरञ्जनात्मक, सांस्कृतिक र खेलकुद तथा यातायात सेवाहरू खुला गरिएको छ । विदेशी सेवा प्रदायकले नेपालमा सेवा सञ्चालन गर्न चाहेमा नेपालीसँगको संयुक्त उपक्रममा सेवा व्यवसाय सञ्चालन गर्नसक्ने शर्त राखिएको छ । कूल

कोष्ठकः ४

**व्यापारसम्बन्धी बैद्धिक सम्पत्ति अधिकार सम्झौता (TRIPS) को कार्यान्वयन स्थिति**

| कार्य | अन्तिम मिति | कार्यान्वयनको स्थिति |
|---|---|---|
| अति सौविध्य राष्ट्रको व्यवहार र राष्ट्रिय व्यवहार ट्रिप्स अन्तर्गतका सबै क्षेत्रहरूमा खासगरी विदेशी कृतिको संरक्षण र शुल्कका सम्बन्धमा लागू गर्ने | सम्मिलनका बखत | प्रतिलिपि अधिकार ऐन, पेटेण्ट, डिजाइन तथा ट्रेडमार्क ऐनमा आवश्यक संशोधन गरिएको |
| प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना | १ जनवरी २००५ | स्थापना भएको |
| व्यापारिक चिन्ह, औद्योगिक डिजाइन, पेटेण्ट, ले-आउट डिजाइन सूचना केन्द्र (हरू) को स्थापना | १ जुलाई २००५ | स्थापनाको क्रममा रहेको |
| कानून बनाउने वा संशोधन गर्ने | १ जनवरी २००६ | |
| औद्योगिक सम्पत्ति (संरक्षण) ऐन | | मस्यौदाको चरणमा रहेको |
| बिरुवा संरक्षण ऐन | | कानून बनिसकेका |
| सन्धि, सम्झौताको पक्ष बन्ने | १ जनवरी २००६ | |
| वर्न महासन्धि | | ११ जनवरी २००६ मा पक्ष भएको |
| रोम महासन्धि | | पक्ष नभएको |
| एकीकृत सर्किट सम्बन्धमा बौद्धिक सम्पत्तिसम्बन्धी सन्धि | | पक्ष नभएको |
| सम्झौताको पूर्ण कार्यान्वयन | १ जनवरी २००७ | आंशिक कार्यान्वयन |

शेयर पूँजीको ८० प्रतिशतसम्म मात्र विदेशी लगानी हुन सक्ने प्रावधान छ । सेवा सञ्चालन गर्ने फर्म वा कम्पनीमा कार्यकारी, व्यवस्थापक र विशेषज्ञ तहका १५ प्रतिशत उच्च व्यवस्थापकहरू बढीमा १० वर्षसम्म संलग्न हुन पाउने र अन्य कामदार नेपाली रहनुपर्ने गरी प्रतिबद्धता जनाइएको छ ।

## (ख) अनुनयात्मक प्रतिबद्धताहरू

उपरोक्त वाध्यात्मक प्रतिबद्धताका अतिरिक्त नेपालले अन्य केही महत्वपूर्ण अनुनयात्मक प्रकृतिका प्रतिबद्धताहरू पनि गरेको पाइन्छ, जुन प्रतिबद्धताहरू निम्नानुसार छन्ः

(क) संगठनका सम्झौताहरू अनुकूल हुने किसिमको प्रतिस्पर्धासम्बन्धी कानून जुलाई २००४ भित्रै बनाइ-सक्ने (कार्यदलको प्रतिवेदन, प्रकरण २१) ।

(ख) सरकारी खरिदसम्बन्धी अनेक पक्षीय सम्झौता अन्तर्गत पर्यवेक्षकको हैसियत प्राप्त गर्ने सम्भाव्यता र क्षमताको सम्बन्धमा विचार गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण ११४) ।

(ग) जेनेभा फोनोग्राम महासन्धि, युपोभ (UPOV) १९९० आदि महासन्धिमा राष्ट्रिय हितलाई दृष्टिगत गरी पक्ष बन्ने सम्भाव्यता पहिल्याउने तथा विरूवाका जात संरक्षणसम्बन्धी कानून बनाई विरूवाका जातको संरक्षण गर्ने व्यवस्था गर्ने (कार्यदलको प्रतिवेदन, प्रकरण १२२ र १३०) ।

(घ) वस्तु, सेवा र बौद्धिक सम्पत्तिका व्यापारसँग सम्बन्धित उपायहरू कार्यान्वयन गर्नु अगावै नियमितरूपमा अद्यावधिक गरिने आधिकारिक पत्रिका वा वेबसाइटमा प्रकाशन गर्ने, लागू गर्नुभन्दा कम्तीमा १५ दिन अगावै प्रतिक्रिया प्राप्त गर्न उपलब्ध गराउने (कार्यदलको प्रतिवेदन, प्रकरण १४६) ।

कोष्ठकः ५

### दायित्व र प्रतिबद्धताको मार्गचित्र कार्ययोजना कार्यान्वयनको स्थिति

| कानून, नियम, प्रशासनिक निर्णय | सम्बन्धित सम्झौता | अपेक्षित अन्तिम मिति | कार्यान्वयन: स्थिति | कार्यान्वयन: मूल्यांकन |
|---|---|---|---|---|
| म्याराकेस सम्झौताको सम्मिलन | म्याराकेस सम्झौता | | २४ अप्रिल २००४ मा नेपाल सदस्य भएको | भएको |
| आयकर ऐन | साधारण | ऐन लागू भएको | पूर्ण कार्यान्वयन | भएको |
| दामासाहीसम्बन्धी ऐन | साधारण | सेप्टेम्बर २००३ | नोभेम्बर २००६ मा लागू भएको | भएको |
| विदेशी विनिमय (नियमित गर्ने) ऐन (संशोधन) | साधारण | लागू भएको | पूर्ण कार्यान्वयन | भएको |
| प्रतिस्पर्धासम्बन्धी ऐन | साधारण | जुलाई २००४ | अक्टोबर २००६ मा कानून लागू भइसकेको | नभएको |
| निकासी पैठारी (नियन्त्रण) ऐन (संशोधन) | ग्याट १९९४, कृषिसम्बन्धी तथा पैठारी इजाजत कार्यविधिसम्बन्धी सम्फौता | डिसेम्बर २००३ | नोभेम्बर २००६ मा संशोधन लागू भएको | भएको |
| निकासी पैठारी (नियन्त्रण) नियमावली (संशोधन) | ऐजन | डिसेम्बर २००३ | मस्यौदाको चरणमा | नभएको |
| भन्सार ऐन (संशोधन) केही प्रतिबद्धताहरू आर्थिक ऐनबाट कार्यान्वयन भएको | भन्सार मूल्यांकनसम्बन्धी सम्झौता र उत्पत्तिको नियमसम्बन्धी सम्झौता | डिसेम्बर २००३ | मस्यौदाको चरणमा | आंशिक |
| भन्सार नियमावली (संशोधन) | ऐजन | डिसेम्बर २००३ | ऐन संशोधनपछि नियमावली बन्न सक्ने | नभएको |
| वस्तुको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी भियना महासन्धि १९८० को पक्ष बन्ने | साधारण | डिसेम्बर २००५ | पक्ष नभएको | नभएको नभएको |
| एण्टी डम्पिङ उपायसम्बन्धी कानून | ग्याटको धारा ६ कार्यान्वयनसम्बन्धी सम्झौता | जुलाई २००४ | मस्यौदाको चरणमा | नभएको |
| नेपाल गुणस्तर (प्रमाणीकरण चिन्ह) ऐन (संशोधन) | प्राविधिक अवरोधसम्बन्धी सम्झौता | अप्रिल २००५ | संशोधन नभएको | नभएको |
| नेपाल गुणस्तर (ऐजन) नियमावली (संशोधन) | ऐजन | डिसेम्बर २००५ | ऐनको संशोधनपछि नियमावली बन्न सक्ने | नभएको |
| सोधपुछ विन्दुहरू तोक्नेसम्बन्धी निर्णय | ऐजन | जुन २००३ | १ जनवरी २००४ अघि गुणस्तर तथा नापतौल विभागलाई सोधपुछ विन्दु तोकिएको | भएको |
| विरूवा संरक्षण ऐन (संशोधन) | मानव, पशु र वनस्पति स्वास्थ्य उपायको प्रयोगसम्बन्धी सम्झौता | अप्रिल २००५ | नयाँ कानून आइसकेको | भएको |
| विरूवा संरक्षण नियमावली (संशोधन) | ऐजन | डिसेम्बर २००५ | संशोधन नभएको | नभएको |
| विरूवा संरक्षण महासन्धिको पक्ष बन्ने | ऐजन | डिसेम्बर २००५ | ८ मे २००६ देखि सदस्यता लिएको | भएको |
| वीउविजन ऐन (पहिलो संशोधन) | ऐजन | अगष्ट २००४ | संशोधनको तयारी भइरहेको | नभएको |

## दायित्व र प्रतिबद्धताको मार्गचित्र कार्ययोजना कार्यान्वयनको स्थिति

| कानून, नियम, प्रशासनिक निर्णय | सम्बन्धित सम्झौता | अपेक्षित अन्तिम मिति | कार्यान्वयन स्थिति | मूल्यांकन |
|---|---|---|---|---|
| सोधपुछ विन्दुहरू स्थापना गर्ने सम्बन्धी निर्णय | ऐजन | जुन २००३ | खाद्य तथा गुणस्तर नियन्त्रण विभागलाई (१ जनवरी २००४) सोधपुछ विन्दु तोकिएको | भएको |
| वातावरण ऐन (संशोधन) | साधारण | सेप्टेम्बर २००५ | संशोधन नभएको | नभएको |
| औद्योगिक सम्पत्ति (संरक्षण) सम्बन्धी ऐन | ट्रिप्स (ट्रिप्स परिषद्को २९ नोभेम्बर २००५ को निर्णयले अल्पविकसित मुलुकका लागि संक्रमणकालिन अवधि १ जुलाई २०१३ सम्म विस्तार भएको) | डिसेम्बर २००५ | प्रचलित पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन संशोधन गरिएको तर बृहत औद्योगिक सम्पत्तिसम्बन्धी कानून नबनेको | |
| प्रतिलिपि अधिकार ऐन (संशोधन) | ट्रिप्स | संशोधन भएको | संशोधन भई लागू भएको | भएको |
| वर्न महासन्धिको पक्ष बन्ने | ऐजन | डिसेम्बर २००५ | ११ अक्टोवर २००५ मा अनुमोदन गरेको | भएको |
| अनुवंशिक स्रोतमा पहुँच सम्बन्धी ऐन | ऐजन | अप्रिल २००४ | ऐन नबनेको | नभएको |
| औषधि ऐन (संशोधन) | सामान्य | सेप्टेम्बर २००५ | संशोधन नभएको | नभएको |
| साइवर ऐन | सामान्य | सेप्टेम्बर २००५ | २००६ मा कानून लागू भएको | भएको |
| विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन (संशोधन) | सेवाको व्यापारसम्बन्धी सम्झौता र ट्रिप्स | फेब्रुअरी २००४ | संशोधन नभएको | नभएको |
| विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली | ऐजन | मे २००४ | नियमावली तर्जुमा नभएको | नभएको |
| विदेशी लगानी र एकद्वार नीति (संशोधन) | ऐजन | सप्टेम्बर २००३ | संशोधन नभएको | नभएको |
| औद्योगिक व्यवसाय ऐन (संशोधन) | सेवाको व्यापारसम्बन्धी सम्झौता, ट्रिप्स तथा अनुदानसम्बन्धी सम्झौता | फेब्रुअरी २००४ | संशोधन नभएको | नभएको |
| औद्योगिक व्यवसाय नियमावली | ऐजन | मे २००४ | नियमावली तर्जुमा नभएको | नभएको |
| औद्योगिक नीति (संशोधन) | ऐजन | सेप्टेम्बर २००३ | संशोधन नभएको | नभएको |
| श्रम ऐन (संशोधन) | सेवाको व्यापार सम्बन्धी सम्झौता | फेब्रुअरी २००४ | संशोधन नभएको | नभएको |
| कम्पनी ऐन (संशोधन) | ऐजन | फेबुअरी २००४ | कम्पनी ऐन, २०६३ लागू भएको | भएको |
| नेपाल कानून व्यवसायी परिषद् ऐन (संशोधन) | ऐजन | फेब्रुअरी २००४ | संशोधन नभएको | नभएको |
| नेपाल चार्टर्ड एकाउन्टेण्ट ऐन (संशोधन) | ऐजन | फेब्रुअरी २००४ | संशोधन लागू भएको | भएको |
| वीमा ऐन (संशोधन) | ऐजन | फेब्रुअरी २००४ | संशोधन नभएको | नभएको |
| धितोपत्र कारोवार ऐन (संशोधन) | ऐजन | फेब्रुअरी २००४ | कानून पारित भइसकेको | भएको |
| बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन | ऐजन | फेब्रुअरी २००४ | ६ नोभेम्बर २००६ देखि लागू भएको | भएको |
| स्वास्थ्य संस्था संचालन ऐन | ऐजन | सेप्टेम्बर २००३ | कानून नबनेको | नभएको |
| सोधपुछ विन्दुको स्थापनासम्बन्धी निर्णय | ऐजन | जुन २००३ | उद्योग मन्त्रालयलाई सेवा क्षेत्रको सम्बन्धमा सोधपुछ विन्दु तोकिएका | भएको |

## प्रतिबद्धता कार्यान्वयनको स्थिति

- ट्रिप्स सम्झौता, मानव, पशु र वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता आदिको कार्यान्वयन स्थिति उल्लिखित तालिका तीन र चारबाट स्पष्ट हुन्छ ।
- सेवाको व्यापार सम्झौता अन्तर्गतका प्रतिबद्धताहरू हेर्दा विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐनमा संशोधन भइनसकेको स्थितिमा त्यस्ता प्रतिबद्धता कार्यान्वयनको स्थिति अस्पष्ट छ । उदाहरणको लागि, उक्त ऐनले विदेशी लगानीको लागि खुला नगरेका सेवाहरू (जस्तै परामर्श सेवा, आन्तरिक कुरियर, पर्यटक आवास आदि) संगठनअन्तर्गत खुल्ला गरिएको छ । अर्कोतिर, प्रचलित कानूनले शतप्रतिशत विदेशी लगानी खुला गरेको क्षेत्रको सेवा व्यापार अन्तर्गतको प्रतिबद्धतामा ८० प्रतिशतसम्म मात्रै खुला हुने स्थिति छ । यस्तो असामान्जस्य र अस्पष्ट कानूनी स्थितिलाई सम्बोधन गर्न कानूनमा समयानुकूल संशोधन गर्न वाञ्छनीय छ ।
- दोहा घोषणापत्रअनुसार औषधिजन्य उत्पादनको सम्बन्धमा ट्रिप्स सम्झौता अन्तर्गत पेटेन्टको र गोप्य जानकारी सम्बन्धी अधिकार संरक्षणको हकमा सन् २०१६ सम्मको संक्रमणकालीन अवधिभित्र कानूनी सामान्जस्यता कायम

गर्ने र छैठौं मन्त्रिस्तरीय सम्मेलनको निर्णयानुसार सन् २०१३ को जुलाईसम्म ट्रिप्स सम्झौताको पूर्ण कार्यान्वयन गर्ने एउटा पक्ष हो । तर राष्ट्रिय हितको दृष्टिकोणले महत्वपूर्ण पक्षहरू जस्तै अनिवार्य इजाजत, बौद्धिक सम्पत्तिको समाप्तिसम्बन्धी प्रावधान, सार्वजनिक स्वास्थ्यको दृष्टिले संकटकालीन अवस्थाको परिभाषा, जैविक विविधताको चोरी विरूद्ध जुध्न सहयोगी हुने पूर्व सूचित स्वीकृति आदिको व्यवस्था सहितका बृहत् औद्योगिक सम्पत्तिसम्बन्धी कानून बनाउनुपर्ने आवश्यकता ओझेलमा परेको देखिन्छ ।

- अर्कोतिर संगठनअन्तर्गत प्राप्त हुने अधिकारको उपयोग गर्न आवश्यक पर्ने संयन्त्र वा उपकरण निर्माण गर्नेतर्फ पनि ध्यान दिइएको देखिँदैन । उदाहरणका लागि, सुरक्षा, एन्टीडम्पिङ र समिकारक महसुलसम्बन्धी कानून बन्नु नेपालको आफ्नै हितका लागि अत्यावश्यक भए तापनि यस्ता कानून हालसम्म तर्जुमा हुन नसक्नु एउटा बिडम्बना नै हो ।
- संगठनअन्तर्गतको दायित्व र प्रतिबद्धताको मार्गचित्रको रूपमा रहेको विधायनसम्बन्धी कार्ययोजना कार्यान्वयनको स्थिति कोष्ठक ५ मा उल्लेख गरिएको छ ।

## उपसंहार

उपर्युक्त विश्लेषणबाट विश्व व्यापार संगठनअन्तर्गत नेपालले गरेको प्रतिबद्धता कार्यान्वयनको स्थिति कमजोर देखिन्छ । राष्ट्रिय हितको दृष्टिकोणबाट अत्यावश्यक कानून (जस्तै सुरक्षा सम्बन्धी) बनाउनेतर्फ पर्याप्त पहल नहुनु भने एउटा विडम्बना नै हो । कार्यान्वयनसँग सम्बद्ध निकाय र संस्थाहरूबीच उपयुक्त समन्वयको अभाव, विश्व व्यापार कानूनको क्षेत्रमा दक्ष मानव संशोधन पर्याप्त मात्रामा उपलब्ध नहुनु, प्रतिबद्धता कार्यान्वयन नभएको कारणबाट उत्पन्न हुनसक्ने परिणामप्रति नीति निर्माताहरूले त्यति ध्यान नदिनु, स्रोत साधनको पर्याप्त मात्रामा उपलब्धता नहुनु, दायित्व र प्रतिबद्धता प्राथमिकीकरण गरी चरणबद्धरूपमा अघि बढ्ने कार्ययोजना बनाई सोहीअनुरूप कामकारवाही गर्ने पद्धतिको विकास नहुनु आदि कमजोर कार्यान्वयनका कारक तत्वहरू हुनसक्छन् । यस्ता प्रकारका अवरोधहरूलाई पन्छाई संगठनका विकसित सदस्यहरूबाट आवश्यक प्राविधिक सहयोग, परामर्श सेवासमेत लिई उपलब्ध साधन र स्रोतहरूको अत्युत्तम उपयोग गरी संगठनअन्तर्गतको प्रतिबद्धता कार्यान्वयन गर्नेतर्फ द्रुततर गतिमा काम गर्ने बेला आइसकेको छ । ■

## सन्दर्भ सामग्री


- विश्व व्यापार संगठन, कानूनी लिखतहरू ।
- कानून किताब व्यवस्था समितिः नेपाल सन्धि ऐन, २०४७ ।
- विश्व व्यापार संगठन, विश्व व्यापार संगठनमा नेपालको सम्मिलनसम्बन्धी कार्यदलको प्रतिवेदन ।
- विश्व व्यापार संगठन, ट्रिप्ससम्बन्धी परिषद्; ट्रिप्ससम्बन्धी परिषद्को २९ नोभेम्बर २००५ को निर्णय आइपि/सि/४० ।
- कानून किताब व्यवस्था समितिः आर्थिक ऐन, २०६३ ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेबसाइटः http://www.moics.gov.np
- नेपालको विश्व व्यापार संगठनमा २००३ सम्मिलनसम्बन्धी प्रोटोकल र सोका अभिन्न अङ्ग मानिने वस्तु तथा सेवा व्यापारसम्बन्धी प्रतिबद्धताका अनुसूचीहरू ।
- सम्बद्ध मन्त्रालयका वेबसाइटहरूबाट प्राप्त जानकारी ।
- विभिन्न मितिहरूमा राजपत्रमा प्रकाशित सम्बद्ध ऐन, नियमावलीहरू ।
- सम्बद्ध मन्त्रालय वा निकायहरूबाट प्राप्त विधेयकका मस्यौदाहरू ।



साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (सावती)को स्थापना १९९४ मा दक्षिण एसियाका गैर–सरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठन (डब्ल्यूटीओ) सँग सम्बन्धित विषयवस्तुहरूमा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले खडा भएको क्षेत्रीय सञ्जाल हो । दक्षिण एसियाली राष्ट्का ११ वटा संस्थाहरू सदस्य रहेको सावतीले नेपालले डब्ल्यूटीओको सदस्यता लिइसकेको परिप्रेक्ष्यमा निजी उद्योग तथा व्यवसायहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

यो जानकारीपत्र सावतीद्वारा एक्सनएड नेपालको सहयोगमा सञ्चालित सुधार र क्षमता अभिवृद्धि कार्यक्रम (Reform and Capacity Building Agenda in the Post Accession Era-RECAB) अन्तर्गत कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका उप–सचिव श्री डिल्लीराज घिमिरेद्धारा तयार पारिएको हो । मुद्रकः मोडर्न प्रिन्टिङ प्रेस, काठमाडौं ।